# एन्फा ग्रासरुट (छात्रा,यु १३) लिग प्रतियोगिता २०७६
## लिग प्रतियोगिता नियमावली

**१) पृष्ठभूमी :**
अखिल नेपाल फुटबल संघले दिर्घकालिन फुटबल विकास कार्यक्रमको नीति अनुसार आधारभूत तह बाट नै फुटबल विकासको कार्यक्रम गर्दै जिल्ला उप प्रदेश, प्रदेश र अन्त्यमा केन्द्रमा लिग प्रतियोगिता संचालन गर्ने भएकोले यो एन्फा ग्रासरुट (छात्रा,यु १३) लिग प्रतियोगिता २०७६ को नियमावली जारी गरिएको छ ।

**२) प्रारम्भ :**
एन्फा ग्रासरुट (छात्रा,यु १३) लिग प्रतियोगिता २०७६ को प्रतियोगिता नियमावली अखिल नेपाल फुटबल संघद्धारा जारी भए पछि प्रारम्भ हुनेछ ।

**३) परिभाषा :**
- क) एन्फा ग्रासरुट (छात्रा,यु १३) लिग प्रतियोगिता २०७६ एन्फा आयोजक रहनेछ ।
- ख) सचिवालय : एन्फा ग्रासरुट शाखाले गरेको निर्णय कार्यान्वयन गर्न तथा तत्काल आवश्यक आपतकालिन निर्णय गर्ने बुझ्नु पर्दछ ।
- ग) समिति : प्रतियोगितालाई सफल पार्न आवश्यक पर्ने बुदां नं ९ मा उल्लेख भएको समिति बुझ्नु पर्दछ ।
- घ) टिम : यस प्रतियोगिता सहभागी हुने (छात्रा,यु १३)का जिल्ला, उप प्रदेश, प्रदेश र केन्द्रमा सहभागी भएका टिमलाई बुझ्नु पर्दछ ।
- ङ) प्रतियोगिता : एन्फा ग्रासरुट (छात्रा,यु १३) लिग प्रतियोगिता २०७६ लाई बुझ्नु पर्दछ ।
- च) प्रायोजक : प्रतियोगिता संचालनार्थ आर्थिक वा जिन्सी सहयोग गर्ने कम्पनी, संघ, संस्था, व्यक्ति बुझिने छ । तर जिल्ला, प्रदेश, केन्द्र फुटबल संघले दुई पक्षिय सहमतिमा प्रायोजन सम्बन्धी सम्झौता गर्नेछ ।

**४) आयोजक समिति गठन :**
यो प्रतियोगिता संचालनार्थ जिल्ला, प्रदेश र केन्द्र फुटबल संघले प्रतियोगिता संचालन समिति गठन गर्न सक्नेछ ।

**५) खेल स्थल :**
आयोजक समितिहरुको निर्णयानुसार जिल्ला, प्रदेशका विभिन्न स्थानमा आयोजना गरीनेछ ।

**६) संचालन मिति :**
२०७६ असारको अन्तिम हप्ता देखि माघको अन्तिम हप्ता सम्म संचालन हुने छ ।

**७) प्राविधिक सहयोग र समन्वय :**

यो प्रतियोगिता संचालनार्थ आवश्यक प्राविधिक सहयोग र समन्वय अखिल नेपाल फुटबल संघबाट हुनेछ ।

**८) आर्थिक संकलन र आर्थिक अनुशासन**

क) प्रतियोगिता संचालन जिल्ला, प्रदेश र केन्द्र फुटबल संघले गर्ने छ । आर्थिक कारोबार पनि जिल्ला, प्रदेश र केन्द्र फुटबल संघको बैंक खाता मार्फत संचालन गरीने छ ।

ख) प्रतियोगितालाई सफल पार्नको लागि मुख्य आर्थिक स्रोत अखिल नेपाल फुटबल संघबाट प्राप्त रकम, प्रदेश सरकार बाट , नेपाल सरकारबाट प्राप्त रकम, विभिन्न प्रायोजकबाट प्राप्त रकम रहने छ ।

ग) संकलित आर्थिक स्रोत पारदर्शी र आर्थिक अनुशासन कायम गराउन प्रतियोगिता पूर्व नै विभिन्न शिर्षकमा बजेट बाँडफाँड गरी बैठकबाट निर्णय गरी खर्च गरीने छ ।

घ) जिल्ला ग्रासरुट लिग संचालन गर्ने प्रत्येक जिल्ला तथा क्लबहरुका लागि अखिल नेपाल फुटबल संघबाट आवश्यक आर्थिक सहयोग प्रदान गरीने छ ।

**९) उप समिति**

आवश्यकता हेरी उप समितिहरु निम्न अनुसार गठन गरीने छ :

क) खेल मैदान ख) प्रचार प्रसार ग) स्वयम सेवक घ) समारोह

ङ) प्रतियोगिता संचालन च) प्राथामिक उपचार छ) आवास तथा भोजन ज) यातायात

झ) समारोह

**१०) प्रतियोगितामा निम्न टिमहरुको सहभागीता रहनेछ :**

क) गत वर्ष जिल्ला फुटबल संघले संचालन गरेको एन्फा ग्रासरुट (छात्रा,यु १३) कार्यक्रम सहभागी भएका ४ देखि ८ वटा विद्यालयहरुलाई प्रतियोगितामा सहभागी गराईनेछ ।

ख) सहभागी भएका प्रत्येक विद्यालयका (छात्रा,यु १३) टिमहरु हुनुपर्ने छ ।

ग) आफ्नो खेल मैदान र फुटबल कोच भएको विद्यालयलाई ग्राह्यता दिईने छ ।

**११) नियमको व्यवस्था**

यस कार्यविधी विस्तृत व्याख्या गर्नु परेमा सो को अधिकार एन्फा ग्रासरुट शाखामा निहित रहनेछ र सो सबैलाई मान्य हुनु पर्नेछ । साथै एन्फा ग्रासरुट शाखाले एक प्रतियोगिता नियम जारी गरी प्रतियोगिता संचालन गर्ने छ जुन यस प्रकारको रहनेछ :

## एन्फा ग्रासरुट (छात्रा,यु १३) लिग प्रतियोगिता २०७६
## प्रतियोगिता संचालन नियम

### नियम (१) सहभागी तथा टिम दर्ता

क) जिल्ला फुटबल संघले संचालन गरी रहेको एन्फा ग्रासरुट कार्यक्रममा सहभागी भएका विद्यालयहरुलाई नियम पूर्वक दर्ता गर्नु पर्नेछ । साथै सहभागी विद्यालयहरुको (छात्रा,यु १३) टिम हुनु पर्नेछ ।

ख) एक जिल्लाबाट४ देखि ८ वटा मात्र विद्यालयहरुलाई यस प्रतियोगितामा समावेश गर्नु पर्नेछ ।

### नियम(२) खेलाडी दर्ता

क) यस प्रतियोगितामा सहभागी हुने विद्यालयहरु(छात्रा,यु १३) बाट १४ जना खेलाडी दर्ता गर्नु पर्नेछ ।

ख) प्रतियोगिता अवधि भरी कुनै पनि बेला जति जना खेलाडी पनि दर्ता गर्न सकिनेछ तर जम्मा खेलाडी संख्या एक उमेर टिममा १४ जना भन्दा बढी राख्न पाईने छैन ।

### नियम (३) खेल संचालन कार्यविधि

क) यस प्रतियोगिता साधारण नियममा खेलाईने छ ।

यु १३ मा 7 Vs 7 फरम्याटमा खेलाईनेछ ।

ख) प्रथम चरण जिल्लामा हुने लिग प्रतियोगितामा अफ साईडको नियम हुने छैन ।

ग) दोश्रो चरणको लिग प्रतियोगितामा यु १३ टिममा ११V११ को फरम्याटमा खेलाईनेछ र अफ साइडको नियम लागू हुनेछ ।

### नियम (४) खेल प्रणाली

क) पहिलो चरण : जिल्ला भित्र आठ वटा विद्यालय बिच लिग संचालन गरीनेछ । पहिलो चरणको प्रतियोगितामा अंकको आधारमा विद्यालयहरुलाई विजयी घोषणा गरीनेछ तर दोश्रो चरणका लागि टिम निर्माण गर्दा सहभागी विद्यालयहरु बाट उत्कृष्ट खेलाडीहरु चयन गरी (छात्रा,यु १३) को टिम बनाउनु पर्ने छ ।

ख) दोश्रो चरण : जिल्लाका सहभागी विद्यालयहरुबाट उत्कृष्ट खेलाडीहरु चयन गरी यस चरणमा जिल्लाको टिमर्ला सहभागी गराउनु पर्ने छ ।

ग) तेश्रो चरण : दोश्रो चरणमा सहभागी भएका जिल्लाहरुबाट उत्कृष्ट खेलाडीहरु चयन गरी तेश्रो चरणमा सहभागी गराउनु पर्नेछ ।

घ) चौथो चरण : तेश्रो चरणमा सहभागी भएका उप प्रदेशीय टिमहरुबाट उत्कृष्ट खेलाडीहरु चयन गरी प्रदेशको टिम बनाई चौथो चरणको प्रतियोगितामा सहभागी गराउनु पर्नेछ ।

### नियम (५) खेल अवधि

यस प्रतियोगिता (छात्रा,यु १३) का लागि ३०-३० मिनेटको हुनेछ र १० मिनेटको विश्राम दिइने छ ।

**नियम (६) खेल तालिका**

यस प्रतियोगिताको खेल तालिका एन्फा ग्रासरुट शाखाले निर्धारण गर्नेछ । कुनै कारणबश खेल तालिका हेरफेर गर्नु परे सो को अधिकार आयोजक समितिमा निहित रहनेछ ।

**नियम (७) जर्सी कलर र किट्स**

क) प्रत्येक टिमले जर्सी सेट अगाडी ANFA Grassroots र पछाडी नम्बर प्रष्ट लेखेको हुनु पर्नेछ।

ख) प्रत्येक खेलाडीले बुट र सिनप्याडको प्रयोग अनिवार्य रुपमा गर्नु पर्नेछ ।

**नियम (८) ग्राउण्ड रिपोटिङ**

प्रत्येक टिमले खेल सुरु हुन भन्दा कम्तिमा १ घण्टा अगाडी खेल्ने ११ खेलाडी तथा ५ जना अक्तिरित खेलाडी प्रतियोगिता आयोजकलाई बुझाउनु पर्नेछ ।

**नियम (९) सट्टा खेलाडी**

क) दोश्रो चरणमा (छात्रा,यु १३) समुहका टिममा १६ जना खेलाडी मध्ये ५ जना अत्तिरिक्त खेलाडीहरुलाई ३ जना मात्र तथा एक जना गोलकिपर परिवर्तन गर्न सकिनेछ ।

ख) (छात्रा,यु १३) उमेर समुहका टिमका हकमा तिन खेलाडी परिवर्तन गरी सके पछि ३ जना खेलाडीहरु जती पटक पनि र जुनै समुहमा परिवर्तन गर्न सकिने छ ।

**नियम (१०) प्रतियोगिता रेफ्रि समितिको काम कर्तव्य र अधिकारी**

क) प्रतियोगिता समिति : प्रतियोगिताको प्रत्येक खेल सुचारु रुपले संचालन गर्न प्रतियोगिता समितिले तत् सम्बन्धी गरेका निर्णय अन्तिम र मान्य हुनेछ ।

ख) रेफ्रि समिति : प्रतियोगिता संचालन गर्न यस समितिले गरेका निर्णय अन्तिम र मान्य हुनेछ ।

**नियम (११) खेल स्थगित**

कुनै कारणवश खेल स्थगित हुन गएमा सो स्थगित खेल बारे आवश्यक निर्णय आयोजक समितिले गर्ने छ र सो निर्णय सहभागी टिमहरुलाई मान्य हुनु पर्नेछ ।

**नियम १२) औषधी उपचारको व्यवस्था**

प्रतियोगिता दौरान खेल मैदानमा खेल अवधि भित्र कुनै चोट पटक, दुर्घटना भएको खण्डमा त्यस्ता खेलाडीहरुलाई आयोजक समितिले प्राथामिक उपचार मात्र उपलब्ध गराउने छ ।

## सारांश

**सारांश नियम (१) वादविवाद**

कुनै पनि वादविवाद समाधान गर्ने अधिकार एन्फामा निहित रहने छ ।

**सारांश नियम (२) नियमावलीको व्याख्या**
यो नियमावलीको व्याख्या गर्नु परेमा सो को अधिकार एन्फामा निहित रहने छ ।

**सारांश नियम (३) संसोधन**
आवश्यकता अनुसार यस लिग प्रतियोगिताको नियमावलीमा संसोधन गर्ने अधिकार एन्फामा निहित रहनेछ ।

**सारांश नियम (४) सर्वोपरिता**
यस नियमावलीलाई लागू गर्ने सर्वोपरिता एन्फामा अन्तनिर्हित रहने छ ।

धन्यवाद !